**आ.व. ०८१/८२ को दोस्रो बैठक**

आज मिति २०८१ साल मंसिर ०५ गते बुधबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री पुण्य प्रसाद खतिवडा | कार्यवाहक वडाध्यक्ष | ९८४२७६९०९५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

शिव कुमार काम्बाङ, प्रशासन शाखा

कैलाश लिम्बु, का.स.

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

आर्थिक वर्ष ०८०/०८१ मा तयार गरिएको यस गाउँपालिकाको दोश्रो आवधिक योजना (२०८१/८२-०८५/८६) मा आवश्यक संशोधनको लागि परामर्शदातालाई पत्राचार गरिएकोमा संशोधित प्रतिवेदन प्राप्त भई सकेको हुँदा स्वीकृत गरी प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

यस गाउँपालिकाभित्र उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाहरुमा जन श्रमदानको हिस्सा न्युनतम १२ प्रतिशत कायम गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

आ.व.०८०/०८१ मा निर्माण गरिएका तपसिलका प्रतिवेदनहरु कार्यान्वयनका लागि देहायको सदस्यहरु रहने गरि कार्यदल गठन गर्ने सर्वसहमतिले निर्णय गरियो।

देहाय:

| क्षमता विकास योजना कार्यान्वयन कार्यदल | दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण कार्यदल | सेवा प्रवाहको मापदण्डको कार्यान्वयन कार्यदल |
|---|---|---|
| प्र.प्र.अ.-संयोजक | प्र.प्र.अ.- संयोजक | प्र.प्र.अ.- संयोजक |
| शिक्षा शाखा प्रमुख- सदस्य | योजना शाखा प्रमुख- सदस्य | शिक्षा शाखा प्रमुख- सदस्य |
| स्वास्थ्य शाखा प्रमुख-सदस्य | वन, वातावरण तथा विपद् शाखा-सदस्य | स्वास्थ्य शाखा प्रमुख-सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य |
| प्रशासन शाखा- सदस्य-सचिव | प्रशासन शाखा- सदस्य-सचिव | प्रशासन शाखा- सदस्य-सचिव |

निर्णय नं.-५

चालु आ.व. ०८१/०८२ मा सडक बोर्ड नेपालबाट प्राप्त रु. १८,००,०००।- (अक्षरेपी अठार लाख मात्र।) बाट वडा नं.-२ को श्यामचोक देखि हाम्फावुङ स्कुल हुँदै सदरमुकाम जाने मोटरबाटो मर्मत तथा स्तरोन्नती गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं.-६

पाथीभरा याङवरक गाउँपालिकाको मितिः२०८१/०७/२७ गतेको MBBS अध्ययनरत विद्यार्थी छात्रवृत्ति सम्बन्धी सूचना अनुसार वडा नं.-३, तिरिङ्गे स्थायी ठेगाना भएको विपना वस्नेतको एक मात्र आवेदन परेको निजलाई रु. १,००,०००।— (अक्षरेपी एक लाख मात्र।) छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.-७

गाउँ शिक्षा समितिको मितिः२०८१/०५/१४ गतेको निर्णयानुसार शैक्षिक उनन्नय कोषबाट व्यवस्थापन गर्ने गरी श्री कालिका मा.वि., नाङखोल्याङलाई मा.वि. तहको गणित विषयको शिक्षक कोटा उपलब्ध गराइएकोमा सोको परीक्षा भई सिफारिस उमेद्वार विद्यालयमा उपस्थित नभएको र सो तह र विषयको शिक्षक पाउन कठिन भएकोले सो विषयको नि.मा.कोटा उपलब्ध गराउन भनि सम्बन्धित विद्यालयबाट पत्राचार भएको हुँदा उक्त कोटा उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

द्वितीय मेला अन्तरपालिका स्तरीय भलिबल खेलकुद प्रतियोगितामा यस गाउँपालिका सहभागी हुँदा भएको खर्च रु. ११३०००।— (अक्षरेपी एक लाख तेह्र हजार मात्र।) अन्य खेलकुद शिर्षकबाट व्ययभार हुने गरी यस गाउँपालिकाको खेल व्यवस्थापक श्री केशव पौडेललाई भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-९

श्री सिद्धकुमारी आ.वि., तिरिङ्गेको मितिः२०८१/०६/२६, च.नं.४७ को पत्रबाट पुराना भवनमा प्रयोग भएको काठहरु मध्ये नैँया भवनमा काम लाग्ने काठहरु बाहेक अन्य काठहरु बिक्रीको लागि अनुमति माग भएको हुँदा यस गाउँपालिकाको प्राविधिक, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरु समेतको रोहर्वरमा काम नलाग्ने काठहरु छुट्याई कानूनबमोजिम बिक्रीको लागि अनुमति प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१०

पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-५ मा अन्तर वडा स्तरीय फुटवल प्रतियोगिताका लागि आवश्यक बजेट माग भई आएको हुँदा, अन्य खेलकुद शिर्षकबाट व्ययभार हुने गरी रकम रु. ४,००,०००।— (अक्षरेपी चार लाख मात्र।) प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.-११

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष र प्रकोप व्यवस्थापन कोषबाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बुधहाङ लिम्बु | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | २००००।- | |

| | | | | |
|---|---|---|---|---|
| २ | डिल्लीराम कार्की | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | २००००।- | |
| ३ | चन्द्र प्रसाद खिम्दिङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | २००००।- | |
| ४ | धन प्रसाद लिम्बु | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | २००००।- | |
| ५ | तेज बहादुर दर्जी | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | २००००।- | |
| ६ | कुवेर जंग राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १५०००।- | |
| ७ | विश्व कुमार राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | २००००।- | |
| ८ | तुलसी माया राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | २००००।- | |
| ९ | सीता वि.क. | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १५०००।- | |
| १० | गोपी दुम्जन | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १५०००।- | |
| ११ | संस्कार गौतम | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | २००००।- | |

निर्णय नं.-१२

यस पाथीभरा याङवरक गाउँपालिकामा तपसिल बमोजिमका पदहरुमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नको लागि १५ दिने सूचना आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- पशु सेवा प्राविधिक (पाँचौ)- १ जना
- नायव पशु स्वास्थ्य प्राविधिक (चौंथो)- १ जना

निर्णय नं.-१३

आ.व.०८१/०८२ मा स्वीकृत कार्यक्रम क्रम संख्या नं.९३ लघु उधम विकास कार्यक्रमबाट यस गाउँपालिकाको वडा नं.-२, ४  र ६ मा उधमशिलता तालिम, मागमा आधारित सिप विकास तालिम सञ्चालन र प्रविधि हस्तान्तरण गर्ने सर्वसहमतिले निर्णय गरियो।